**मिति २०७५।१२।२०**

आज मिति २०७५।१२।२० यस मेचीनगर नगर कार्यपालिकाको बैठक नगरपालिकाका नगर प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा, उप प्रमुखज्यू श्री मीना उप्रेतीज्य" तथा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री विमल आचार्य, मेचीनगर नगरपालिका | दस्तखत |
| उप प्रमुख श्री मीना पोखेल उप्रेती, मेचीनगर नगरपालिका | दस्तखत |
| वडा नं. १ अध्यक्ष श्री पासाङ्ग तामाङ्ग, | दस्तखत |
| वडा नं. २ अध्यक्ष श्री तिलक न्यौपाने, | दस्तखत |
| वडा नं. ३ अध्यक्ष श्री हर्कबहादुर बस्नेत, | दस्तखत |
| वडा नं. ४ अध्यक्ष श्री नवीन बराल, | दस्तखत |
| वडा नं. ५ अध्यक्ष श्री योगेन्द्र थापा, | दस्तखत |
| वडा नं. ६ अध्यक्ष श्री ललितबहादुर तामाङ्ग, | दस्तखत |
| वडा नं. ७ अध्यक्ष श्री चन्दन मेचे, | दस्तखत |
| वडा नं. ८ अध्यक्ष श्री विकेन्द्र धिमाल, | दस्तखत |
| वडा नं. ९ अध्यक्ष श्री गोपाल खड्का, | दस्तखत |
| वडा नं. १० अध्यक्ष श्री सुवेश पनेरु, | दस्तखत |
| वडा नं. ११ अध्यक्ष श्री सन्तोषकुमार मेचे, | दस्तखत |
| वडा नं. १२ अध्यक्ष श्री नरेन्द्र धिमाल, | दस्तखत |
| वडा नं. १३ अध्यक्ष श्री कृष्ण सिग्देल, | दस्तखत |
| वडा नं. १४ अध्यक्ष श्री शंकर पोखरेल, | दस्तखत |
| वडा नं. १५ अध्यक्ष श्री गुणराज भट्टराई, | दस्तखत |
| कार्यपालिका सदस्य श्री टीकारमा सार्की मगराँती, | दस्तखत |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग, | दस्तखत |
| कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग, | दस्तखत |
| कार्यपालिका सदस्य श्री कृष्ण कनाल, | दस्तखत |

| | |
|---|---|
| कार्यपालिका सदस्य श्री पूर्ण मेचे, | दस्तखत |
| कार्यपालिका सदस्य श्री निर्मला परियार, | दस्तखत |
| कार्यपालिका सदस्य श्री विन्दा प्रसाइँ, | दस्तखत |
| कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी, | दस्तखत |
| सचिव, प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग, | दस्तखत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| १. ब. प्र. अ. श्री अनन्तप्रकाश वस्ती | दस्तखत |
| २. आर्थिक विकास शाखा प्रमुख श्री दीपेन्द्र कार्की | दस्तखत |
| ३. ले. अ. श्री राजनकुमार भेटुवाल | दस्तखत |
| ४. रोजगार संयोजक श्री कृपा रेग्मी | दस्तखत |
| ५. कर अधिकृत श्री चक्रपाणि खनाल | दस्तखत |

**निर्णय नं १.**

नेपाल सरकारबाट चालु आ.व. २०७५/०७६ मा कार्यान्वयनमा ल्याइएको प्रधानमन्त्री रोजगार कार्यक्रमको पारिवारिक निर्वाह भत्ता र वेरोजगारलाई रोजगारी प्रवर्द्धन व्यवस्थापन सम्बन्धी मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत स्थापना भएको रोजगार सेवा केन्द्र र कार्यक्रमको बारेमा प्रमुख प्रशासकीय अधिकृत र रोजगार संयोजकबाट वैठकमा जानकारी भयो । साथै वेरोजगार दर्ता फारमका सम्वन्धमा सबै वडा अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु र वडा सचिवज्यूहरुलाई संयुक्त रुपमा अभिमुखीकरण गरी वेरोजगार दर्ता विवरण संकलन वडा कार्यालयहरुवाट प्रारम्भ गर्न नगर कार्यपालिकाको कार्यालयवाट आवश्यक फारम, रजिष्ट्रार लगायतको लजिष्टिक तत्काल व्यवस्थापन गर्न निर्णय गरियो । साथै कार्यक्रम कार्यान्वयन प्रारम्भिक चरणमा रहेकोले, देखिने द्विविधाहरु स्पष्ट हुँदै जनसाधरणहरुमा जिम्मेवार वनी प्रस्तुत हुन समेत निर्णय गरियो ।

**निर्णय नं. २.**

चालु आ.व. २०७५/०७६ मा यस नगरपालिकाको विभिन्न वडाहरुमा संचालन हुन नगरसभावाट स्वीकृत इन्धन शिर्षकको योजनामा विनियोजित खर्च रकमको पारदर्शिताको प्रश्न औचित्यपूर्ण तवरले निवारण गर्न प्राविधिक ल.इ. र मूल्याङ्कनको आधारमा सम्वन्धित वडा कार्यालयको सिफारिसमा इन्धन खरिद भएको डिपोको विलको आधारमा कार्यालयबाट सोझै भुक्तानी गर्न साथै यस्तो कार्य आवश्यकता र औचित्यको आधारमा स्थानीय समस्यालाई तत्काल सम्वोधन गर्न जनप्रतिनिधिहरुवाट सम्पादन हुने गरिने, भएकोले कुनै निश्चित सेवा क्षेत्र एकीन नहुने हुँदा यस्ता योजना सञ्चालनमा लागत सहभागिता समेत कायम नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.**

स्थानीय तह गठन भई राज्य संरचना हुनु पूर्व जिल्ला समन्वय समिति लगायत ( साविक जि.वि.स. ) का सरकारी निकायले क्रमागत रुपमा संचालन गरेका, तर सम्पन्न नभएका भौतिक पूर्वाधारजन्य आयोजनाहरु जस्तैः भवन, पुल, सडक आदिको पूर्व ल.इ. ड्रइङ, डिजाइन लगायतको कागजात नभएता पनि ती कार्यहरु यस नगरपाकिलामा सम्पन्न गर्न जिम्मेवारी हस्तान्तरण भई आएकोमा पूर्व कागजातको अभावमा योजना सम्पन्न नगर्दा जनतामा असन्तुष्टी हुने हुँदा त्यस्ता आयोजनहरु जे, जुन अवस्थामा छन, त्यही अवस्थाबाट अगाडि वढाउने र सो बाट कुनै जोखिम सिर्जना भएमा त्यसलाई संस्थागत जिम्मेवारी वहन गर्न निर्णय गरियो। साथै २० लाख भन्दा वढी रकमको भवन निर्माण संरचना भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७-४५ सम्मको प्रावधानको पालना गरेर मात्र अन्तिम विल भूक्तानि हुन निर्णय गरियो। यसरी नक्शा पास गर्दा समुदायमा आधारित सामुदायिक भवन र धार्मिक संरचनाको हकमा तोकिएको राजश्व रकम छुट दिन समेत निर्णय गरियो।

**निर्णय नं. ४.**

चालु आ.व. २०७५/०७६ को लागि नगरसभावाट स्वीकृत भइ कार्यान्वयनमा रहेका आयोजनाहरु मध्ये रु. ५ लाख वा सो भन्दा कम वजेट विनियोजन भएका आयोजनाहरुको हकमा सम्वन्धित वडा समितिबाट स्थलगत अनुगमन र मूल्याङ्कन भइ सिफारिस प्राप्त भए पछि कार्यालयबाट फरक फरक तथा अन्तिम विल भूक्तानी गर्ने र सो मा अन्यथा भएमा सम्वन्धित वडा समिति जवाफदेहि हुन समेत निर्णय गरियो।

**निर्णय नं. ५.**

चालु आ. व. २०७५/०७६ मा दोश्रो नगरसभाबाट स्वीकृत कार्यक्रम मध्ये योजना किताबको ६३ पेज ( तलवाट माथितिर ) को ७ औं लहरमा उल्लेखित ५०/५० प्रतिशत साझेदारीमा आधारित योजनामा विनियोजित रु. १, करोड नगरपालिका र रु. १ करोड जनसहभागिता समेत रु. २ करोडको योजना देहायअनुसार सम्पन्न गर्न निर्णय गरियो।

निम्नः

१. कालोपत्र सडक र सतह ढलको कार्यक्रम मात्र सञ्चालन गर्ने।

२. कालोपत्रे सडकको लागि न्यूनतम रु. २५ लाख र सतह ढलको लागि न्यूनतम रु. १५ लाखको योजना हुनु पर्ने।

३. उल्लेखित व्यहोरा खोली ७ (सात ) दिनको सार्वजनिक सूचनाबाट प्रस्ताव आह्वान गर्ने।

४. प्राप्त प्रस्तावहरु अध्ययन गरी सिफारिस गर्ने जिम्मेवारी पूर्वाधार विकास समितिलाई दिने।